नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर।

मि.नं.-३५ , दायर मिति-:२०८०-०४-१४

फैसला मिति-२०८०-०४-१४

वादी

प्र.स.नि.अभिनन्दन कुशवाहाको प्रतिवेदनले

नेपाल सरकार----------------------------------१

प्रतिवादी

भारत उत्तर प्रदेश राज्य साविक फैजावाद जिल्ला हाल अयोध्या जिल्ला थाना ईनायतनगर ताहसिल मिलकेपुर ग्राम पंचायत रौना गाउँ वस्ने वर्ष २० को संचिन कश्यप.............................१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीले बिभिन्न अपशब्द शव्दहरु प्रयोग गर्दै गाली गलौज गरी कर्तव्य पालनामा बाधा पुर्याई अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।**

**२. बिभिन्न अपशब्द शव्दहरु प्रयोग गर्दै गाली गलौज गरी कर्तव्य पालनामा बाधा पुर्याई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।**

**३. बिभिन्न अपशब्द शव्दहरु प्रयोग गर्दै गाली गलौज गरी कर्तव्य पालनामा बाधा पुर्याई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संतोष साह समेतको घटनाविवरण कागज।**

**४. प्रतिवादीले यस कार्यालयमा गरेको साविती बयान।**

## ठहर-खण्ड

**यसमा मिति २०८०।३।२६ गते जिल्ला पर्सा बी.म.न.पा.वडा नं.८ स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुर्याएकोले प्रतिवादी संचिन कश्यपलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन रहेको, बुझिएका व्यक्तिहरुले डिउटीमा रहेका प्रहरीको कर्तव्य पालनामा बाधा पुर्याउने प्रतिवादीहरुलाई कानुन बमोजिम कारवाही हुनुपर्छ भनी लेखाई दिएको कागज ,अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको स्विकारोक्ति बयान तथा यस कार्यालयमा आई प्रतिवादीहरुले गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी सचिन कश्यपलाई जरिवाना रु ५७०० ।- गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी सचिन कश्यप लाई ठहरेको जरिवानाको हकमा निज प्रतिवादी मिति २०८०-०३-२६ गते देखि २०८०-०४-१३ सम्म १९ दिन थुनामा बसेको देखिँदा मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा ११५को उपदफा (३) बमोजिम प्रतिदिन रु ३००।-को दरले जम्मा जनही रु ५७००।- मिनाहा गर्नु र निज प्रतिवादीलाई थुना मुक्त गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाइ पत्र लेख्नु।------------------------------------------------------------------------------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-------------------------------------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------------------१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल श्रावण महिना १४ गते रोज १ शुभम् ........................